श्री
उच्च अदालत पाटन
संयुक्त वाणिज्य इजलास
माननीय न्यायाधीश श्री ईश्वरराज आचार्य
माननीय न्यायाधीश श्री कुलप्रसाद शर्मा

**फैसला**

इजलास नं. : १२
मुद्दा नं. ०७६-CB-०४५१
निर्णय नं. : २२६
मुद्दा :- बैंकिङ्ग कसूर ।

रामेछाप जिल्ला, साविक खिम्ति गा.वि.स. वडा नं. ४ हाल परिवर्तित लिखु तामाकोशी गाँउपालिका वडा नं. ६ घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २४ धापाखेल बस्ने भिम कुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार .....................१ — वादी

विरूद्ध

काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २४ डवहाल बस्ने कृष्णलाल श्रेष्ठको नाती, पुष्पलाल श्रेष्ठ र चुनुदेवी श्रेष्ठको छोरा मुकुन्दलाल श्रेष्ठ .......................................१ — प्रतिवादी

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(२) ले यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

तथ्य खण्ड

१. प्रतिवादी मुकुन्दलाल श्रेष्ठले बैंक अफ काठमाडौं लि.ठमेल शाखामा मुकुन्दलाल श्रेष्ठको नाममा रहेको ०५०१०००००७६१५२४ नम्बरको खातावाट ००३५२४९६७८ नम्बरको चेकमा मिति २०१८/१२/२९ राखी रु.६,६०,०००।- (छ लाख साठी हजार रुपैयाँ) को चेक भिम कुमार श्रेष्ठको नाममा काटी दिएकोमा उक्त चेक साट्न जाँदा उक्त खातामा चेकमा उल्लिखित रकम नभएको भनी चेक वाउन्स भएको, निज प्रतिवादीले उक्त खातामा पर्याप्त रकम नभएको थाहा हुँदा हुँदै चेक काटी दिई बैंकिङ्ग कसुर अपराध गरेको हुँदा कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको भिम कुमार श्रेष्ठको जाहेरी दरखास्त ।

२. उक्त चेक पेश हुँदा प्रतिवादीको खातामा चेक रकमलाई खाम्ने रकम मौज्दात नरहेको भन्ने व्यहोरा सहितको मिति २०७५।१२।२८ को बैंक अफ काठमाडौं लि. को पत्र व्यहोरा समेतका कागजातहरु मिसिल संलग्न रहेको।

३. प्रतिवादी मुकुन्दलाल श्रेष्ठले जाहेरवाला भिमकुमार श्रेष्ठलाई खातामा रकम नभई चेक काटी दिएको हुँदा प्रतिवादीलाई कानून बमोजिम कारबाही हुनुपर्छ भन्ने समेत बुझिएका भरत श्रेष्ठको घटना विवरण कागज ।

४. प्रतिवादी मुकुन्दलाल श्रेष्ठले खातामा पर्याप्त रकम मौज्दात नभएको जानी जानी बैंक अफ काठमाडौं लिमिटेड ठमेल शाखामा रहेको आफ्नो खाताबाट जाहेरवालाले भुक्तानी पाउने गरी रू.६,६०,०००।-(छ लाख साठी हजार रूपैयाँ) को चेक काटी बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसूर गरेको देखिएकोले उक्त कसूरमा रू.६,६०,०००।- (छ लाख साठी हजार रूपैयाँ) विगो कायम गरी निज प्रतिवादी मुकुन्दलाल श्रेष्ठलाई सोही ऐनको दफा १५(१) बमोजिम सजाय गरी विगो रू.६,६०,०००।- (छ लाख साठी हजार रूपैयाँ) यी प्रतिवादीबाट जाहेरवाला भिम कुमार श्रेष्ठलाई दिलाई भराई पाउन र अपराध पिडीत संरक्षण ऐन, २०७५ को दफा ४१(२) र (३) बमोजिम प्रतिवादीबाट क्षतिपूर्ति शुल्क समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

५. जाहेरवाला भिम कुमार श्रेष्ठको नाउँमा जारी भएको बैंक अफ काठमाण्डौ लिमिटेडको खाता नं. ०५०१००००७६१५२४ को चेक नं. ००३५२४९६७८ मा भएको सहि र लेखिएको व्यहोरा मेरो हो । केशव बहादुर थापाले भिम कुमार श्रेष्ठबाट पैसा लिंदा म जमानी बसिदिएको थिएँ । सोही जमानी बसेको कारणले यी जाहेरवालाले मलाई धाकधम्की दिई मबाट व्याज सहित हिसाव गरी प्रस्तुत चेक काट्न लगाई मबाट लगी गएका हुन् । यी जाहेरवालाबाट मैले कुनै रकम लिएको र खाएको वापतमा निजलाई प्रस्तुत चेक सही गरी दिएको होइन । जाहेरवालाले मलाई झुक्याई फसाएका हुन केशव थापाले मलाई सही गरी दिएको चेक मसँग रहेको छ भन्ने समेत व्यहोराको प्रतिवादी मुकुन्दलाल श्रेष्ठले अदालत समक्ष गरेको बयान ।

६. मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी मुकुन्दलाल श्रेष्ठ कसूरदार होइनन् भन्ने देखिन नआएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ६८ र ७२ समेतका आधारमा प्रतिवादी मुकुन्दलाल श्रेष्ठबाट रू.४,००,०००।- (चार लाख) नगद धरौट वा सो बराबरको जेथा जमानत वा बैंक जमानत दिए लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी यस अदालतबाट मिति २०७६।०६।०१ मा भएको आदेश ।

७. प्रतिवादी मुकुन्दलाल श्रेष्ठलाई व्यापार व्यवसाय गर्नको लागि रु.६,६०,०००।- (छ लाख साठी हजार रुपैयाँ) नगद दिएकोमा निजले मलाई बैंक अफ काठमाण्डौको चेक दिनु भएको थियो । उक्त चेक साट्न पटक पटक बैंकमा जाँदा समेत खातामा रकम नभएको भनी चेक

बाउन्स भएको कारण जाहेरी दरखास्त दिएको हो भन्ने समेत व्यहोराको जाहेरवाला भिमकुमार श्रेष्ठले अदालतमा उपस्थित भई गरेको बकपत्र ।

८. प्रतिवादी मुकुन्दलाल श्रेष्ठको चालचलन ठिक छ । निज प्रतिवादी असल व्यक्ति हुन् । निज प्रतिवादी बैंकिङ्ग कसूर गर्ने व्यक्ति होइनन् । निजले सफाई पाउनु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी राजेन्द्रभक्त जोशीले अदालतमा उपस्थित भई गरेको बकपत्र ।

<u>ठहर खण्ड</u>

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान शाखा अधिकृत श्री सुभाष भट्टराईले गर्नु भएको वहस समेत सुनी हेर्दा प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्ने हो होइन? भन्ने सम्बन्धमा नै निर्णय दिनु पर्ने हुन आयो।

१०. निर्णय तर्फ विचार गर्दा, प्रतिवादी मुकुन्दलाल श्रेष्ठले खातामा पर्याप्त रकम मौज्दात नभएको जानी जानी बैंक अफ काठमाडौं लिमिटेड ठमेल शाखामा रहेको आफ्नो खाताबाट जाहेरवालाले भुक्तानी पाउने गरी रू.६,६०,०००।-(छ लाख साठी हजार रूपैयाँ) को चेक काटी बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसूर गरेको देखिएकोले उक्त कसूरमा रू.६,६०,०००।- (छ लाख साठी हजार रूपैयाँ) विगो कायम गरी निज प्रतिवादी मुकुन्दलाल श्रेष्ठलाई सोही ऐनको दफा १५(१) बमोजिम सजाय गरी विगो रकम प्रतिवादीबाट जाहेरवालालाई दिलाई भराई पाउन र अपराध पिडीत संरक्षण ऐन, २०७५ को दफा ४१(२) र (३) बमोजिम प्रतिवादीबाट क्षतिपूर्ति शुल्क समेत दिलाई भराई पाउँ समेत अभियोग दाबी देखियो।

११. बैकिङ्ग (कसुर तथा सजाय) ऐन, २०६४ को दफा ३ (ग) ले *आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिन नहुने* भन्ने व्यवस्था गरेको पाइन्छ। जाहेरवालाले दावी गरेको चेक यी प्रतिवादीको भएकोमा प्रतिवादीको स्वीकारोक्ती रहेको, प्रतिवादीको चेक खातामा पर्याप्त मौज्दात नरहेको कारण सटही हुन नसकेको भन्ने बैंकको पत्र एवं जाहेरी दरखास्त समेतका कागजातबाट अभियोग दावी समर्थित देखिन आयो। बैकिङ्ग कसूर तथा जाय ऐन, २०६४ को दफा १५(१) मा कसैले दफा ३ बमोजिमको कुनै कसूर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिम जरिवाना र तीन महिनासम्म कैदको कानूनी ब्यवस्था देखिंदा प्रतिवादीलाई सो बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१(३)(४) बमोजिम प्रतिवादीलाई हुने जरिवानाको ४% ले हुन आउने रकम प्रतिवादीबाट दाखिला गराउने गरी क्षतिपूर्ति शुल्क निर्धारण गर्नु पर्ने देखियो।

१२. तसर्थ, उपर्युक्त आधार, कारणबाट प्रतिवादी मुकुन्दलाल श्रेष्ठले बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) मा उल्लिखित कसूर गरेको देखिँदा निज प्रतिवादीलाई ऐ. ऐनको

दफा १५(१) बमोजिम चेकमा उल्लेख भएको रकम रु.६,६०,०००।- (छ लाख साठी हजार रुपैयाँ) विगो कायम भई विगो बमोजिम रु.६,६०,०००।- (छ लाख साठी हजार रुपैयाँ) जरिवाना र १ (एक) दिन कैद हुने तथा जाहेरवालाले विगो प्रतिवादीबाट भराई लिन पाउने ठहर्छ। साथै, अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१(३) बमोजिम प्रतिवादीलाई भएको जरिवाना रु.६,६०,०००।- (छ लाख साठी हजार रुपैयाँ) को चार प्रतिशतले हुन आउने रु.२६,४००।- (छब्बीस हजार चार सय रुपैयाँ) प्रतिवादीले क्षतिपूर्ति शुल्क वापत प्रतिवादीले वुझाउनुपर्ने गरी निर्धारण गरिएको छ। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

- माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी मुकुन्दलाल श्रेष्ठलाई १(एक) दिन कैद र रु.६,६०,०००।- (छ लाख साठी हजार रुपैयाँ) जरिवाना हुने ठहरी फैसला भएकोले निज प्रतिवादीको नाउमा ठहर भएको कैद दिन १(एक) को लगत कसी असूल गर्नु भनी सम्वन्धित जिल्ला अदालतमा लेखी पठाइदिनु...............................................................१
- जरिवानाको हकमा प्रतिवादीले मुद्दा पुर्पक्षको क्रममा यंस अदालतमा ध.र.नं. ४१४ मिति २०७६।६।१ मा धरौटी वापत राखेको नगद रु.४,००,०००।– (चार लाख रुपैयाँ) फैसला अन्तिम भएपछि जरिवाना स्वरुप सदर स्याहा गरी नपुग जरिवाना रु.२,६०,०००।– (दुई लाख साठी हजार रुपैयाँ) को सम्बन्धमा निजको नाउमा जरिवानाको लगत कसी असूल उपर गर्नु भनी सम्वन्धित जिल्ला अदालतमा लेखी पठाइदिनु.............................................२
- प्रतिवादीबाट जाहेरवालाले भराई लिन पाउने ठहरेको विगो रकम रु.६,६०,०००।- (छ लाख साठी हजार रुपैयाँ) यो फैसला अन्तिम भएको मितिले छ महिनाभित्र प्रतिवादीले जाहेरवालालाई नबुझाएको खण्डमा जाहेरवालाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ को उपदफा (३) बमोजिमको अवधि भित्र प्रतिवादीको यसै सरहदको जेथा देखाई विगो भराई पाउन निवेदन दिएमा कानून बमोजिम लाग्ने दस्तुर लिई विगो भराई दिनु भनी सम्वन्धित जिल्ला अदालतमा लेखी पठाइदिनु.............................................................३
- अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (३) बमोजिम निर्धारण भएको क्षतिपूर्ति शुल्क रु.२६,४००।- (छब्बीस हजार चार सय रुपैयाँ) प्रतिवादीबाट असूल गरी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४८ बमोजिमको पीडित राहत कोषमा जम्मा गर्नुपर्नेमा हाल उक्त कोष सञ्चालनमा आइसकेको अवस्था नहुंदा उक्त कोष संचालनमा आएपछि सो कोषमा दाखिल गर्ने गरी उक्त रकम प्रतिवादीले तिर्न बुझाउन ल्याएमा अन्तरिम रुपमा यस अदालतको धरौटी खातामा जम्मा गर्नु भनी लेखा शाखालाई जानकारी दिनु, उक्त क्षतिपूर्ति शुल्क बापतको रकम प्रतिवादीले तिर्न बुझाउन नल्याएमा लगत कसी असूल उपर गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाइदिनु.............................................................................................४
- यो फैसला उपर चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (१) बमोजिम ७०(सत्तरी) दिनभित्र श्री सर्वोच्च अदालतमा, पुनरावेदन गर्नु भनी

प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू र फैसलाको प्रतिलिपि सहित जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनु...............................................................५

- यो फैसलाको प्रतिलिपी सहित मुद्दा फैसला भएको जानकारी श्री विशेष सरकारी वकिल कार्यालय माइतिघरलाई दिनु ...................................................................६
- सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तुर लिइ नियमानुसार नक्कल दिनु................७
- प्रस्तुत फैसलाको बिद्युतीयप्रति अपलोड तथा दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु...............................८

(ईश्वरराज आचार्य)
न्यायाधीश

उक्त रायमा सहमत छु ।

(कुलप्रसाद शर्मा)
न्यायाधीश

<u>फैसला लेखनमा सहयोग गर्ने:</u>
शाखा अधिकृत : रामेश्वर अधिकारी
कम्प्युटर टाईप गर्ने : दिपक प्रसाद भट्टराई
फैसला मितः२०७६।०७।२६।३

प्रमाणिकरण मिति : २०७६।०९।०४ न्यायाधीश अदालतको छाप